नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
पूर्वाधार महाशाखा
सिंहदरवार, काठमाडौं

पत्र संख्या : २०८२।८३
चलानी नं : १८१

मिति: २०८२/१२/१७

श्री मन्त्रालय/आयोग/निकायहरु (सबै) ।

विषय : आयोजना प्रविष्टि सम्बन्धमा ।

राष्ट्रिय आयोजना बैंङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को दफा १४ अनुसार राष्ट्रिय आयोजना बैंकमा आयोजना प्रविष्टिका लागि पेश गर्नुपर्ने कागजातका विषयमा उल्लेख भएकै छ। आर्थिक वर्ष २०८३।८४ का लागि आयोजना बैकमा आयोजना प्रविष्टि गर्ने समयावधि आयोगको मिति २०८२/१२/०१ गतेको निर्णयानुसार २०८२ चैत्र २२ गतेसम्म थप भएको व्यहोरा विदितै छ। आर्थिक बर्ष २०८२।८३ को यस अवधिमा आयोगबाट ताँहा मन्त्रालय वा निकाय अन्तर्गतका योजना महाशाखा/विभाग अन्तर्गतका जनशक्तिलाई In Person/Virtual रूपमा आयोजना बैंकमा आयोजना प्रविष्टि सम्बन्धी प्राविधिक विषयमा अभिमुखीकरणका गरिनुका साथै आयोजना बैंक सचिवालयबाट समेत प्रत्येक मन्त्रालयसँग प्राविधिक समस्या र समाधानका लागि नियमित छुट्टाछुट्टै छलफल/अन्तरक्रिया गरिएकै छ। आर्थिक वर्ष २०८३।८४ का लागि ताहाँबाट पेश भएका आयोजनाको सामान्य परीक्षणका क्रममा अधिकांश आयोजनाहरुमा कागजातको प्रमाणिकता, पूर्णता, स्पष्टता नभएका कागजातहरु अपलोड भएको देखिएको छ ।त्यसरी कागजात पूर्णता नभएका आयोजनाहरु सुधार सहित पुनः प्रविष्टि गर्ने प्रयोजनका लागि आयोजना बैङ्क प्रणालीमार्फत फिर्ता समेत गरिएको छ।

आयोजना प्रविष्टिका विषयमा केहि थप सुधारहरु गर्नुपर्ने आवश्यकता देखिएकाले यसैसाथ संलग्न विषयहरुमा सुधार सहित मापदण्ड अनुसार राष्ट्रिय आयोजना बैंक प्रणाली (https://npbmis.npc.gov.np) मा आयोजना प्रविष्टि गर्न तोकिएको थप समयावधि भित्रै आयोजनाहरु प्रविष्टि गर्ने व्यवस्था हुन आयोगको मिति २०८२।१२।१६ को (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ।

साथै ताहाँ मन्त्रालयबाट प्रविष्टिका लागि पेश भएका आयोजना मध्ये विभिन्न समयमा राष्ट्रिय आयोजना वैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि (प्रमाणित) भएका आयोजनाको विवरण समेत यसैसाथ संलग्न गरी पठाइएको छ ।

सन्तोष नेपाली
योजना अधिकृत



Scanned with CamScanner

## राष्ट्रिय आयोजना बैंक प्रणालीमा प्रविष्टिका लागि सम्बन्धित मन्त्रालय वा निकायबाट सुधार हुनुपर्ने बिषयहरु:

| क्रम संख्या | प्रविष्टिका लागि अपलोड गर्नुपर्ने आवश्यक कागजातमा देखिएका समस्याहरु | सम्बन्धित मन्त्रालय वा निकायबाट हुनुपर्ने सुधारहरू |
|---|---|---|
| १ | आयोजनाको बिस्तृत अध्ययन प्रतिवेदन (DPR/DER)<br>क) प्रतिवेदनमा कार्यालयको छाप र दस्तखत नगरी अपलोड हुने गरेको<br>ख) अप्रमाणित, अस्पष्ट कागजात अपलोड गर्ने गरिएको । | – प्रणालीमा आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन/ विस्तृत इन्जिनियरिङ प्रतिवेदन अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी कार्यालयको छाप समेत लगाई अपलोड गर्नुपर्ने,<br>– प्रतिवेदन अपलोड गर्दा अग्र पृष्ठ, लागत अनुमान, ड्रइङ डिजाइन र अन्य महत्वपूर्ण पृष्ठ(Page) प्रष्ट बुझिने गरी बिभागीय/आयोजना प्रमुखबाट प्रमाणित गरी कार्यालयको छाप सहित अपलोड गर्नुपर्ने । |
| २ | वातावरणीय अध्ययन प्रतिवेदन (EIA/IEE/BES)<br>क) प्रतिवेदन स्वीकृत गर्ने निकायको पत्र तथा प्रतिवेदनमा निकायको दस्तखत/छाप नभएको ।<br>ख) अध्ययनका लागि प्रस्ताव भएका र स्वीकृत नभएका प्रतिवेदन अपलोड गर्ने गरिएको । | – स्वीकृत भएको वातावरणीय अध्ययन प्रतिवेदन (EIA/IEE/BES) बिभागीय/आयोजना प्रमुखबाट प्रमाणित गरी कार्यालयको छाप सहित अपलोड गर्नुपर्ने,<br>– EIA को हकमा वन तथा वातावरण मन्त्रालय र IEE को हकमा सम्बन्धित मन्त्रालयले स्वीकृत पत्र अपलोड गर्नुपर्ने ,<br>– EIA/IEE/BES गर्नु नपर्ने भए EIA/IEE/BES गर्नु नपर्ने कारण खुलाईएको पत्र अपलोड गर्नुपर्ने । |
| ३ | आयोजनाको लागि जग्गा अधिग्रहण गर्नुपर्ने भए सो को विवरण:<br>जग्गा प्राप्ति/ भूमि अधिग्रहण सम्बन्धी खण्डमा अपूरो, अप्रमाणित र असान्दर्भिक कागजात अपलोड गरिएको। | – राष्ट्रिय आयोजना बैङ्क (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्डको दफा १२ बमोजिम जग्गा प्राप्ति/भूमि अधिग्रहण सम्बन्धी कार्य योजनामा जग्गा प्राप्ति गर्नुपर्ने क्षेत्रफल, जग्गाको किसिम, जग्गा प्राप्तिका लागि लाग्ने अनुमानित लागत, प्रभावित घर धुरी समेत खुलाई बिभागीय/आयोजना प्रमुखबाट |

नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं



Scanned with CamScanner

| | | |
|---|---|---|
| | | प्रमाणित गरी कार्यालयको छाप सहित अपलोड गर्नुपर्ने ,<br>– जग्गा अधिग्रहण/प्राप्ति गर्नु नपर्ने भए आयोजनाको नाम उल्लेख गरी **जग्गा प्राप्ति/अधिग्रहण गर्नु नपर्ने** व्यहोरा खुलेको पत्र अपलोड गर्नुपर्ने । |
| ४ | **खरीद योजना:**<br>वार्षिक खरिद योजना वा खरिद गुरुयोजना प्रमुखबाट प्रमाणित र छाप नभई अपलोड भएको । | – खरीद गुरुयोजनाको हकमा प्रचलित खरीद कानून बमोजिम लेखा उत्तरदायी अधिकृतबाट नै प्रमाणित गरी अपलोड गर्नुपर्ने,<br>– आयोजनाको वार्षिक खरीद योजनाको हकमा बिभागीय/आयोजना प्रमुखले नै प्रमाणित गरी कार्यालयको छाप सहित अपलोड गर्नुपर्ने । |
| ५ | **कार्यान्वयन कार्ययोजना :**<br>आयोजना प्रमुखबाट प्रमाणित नभएको, अस्पष्ट र सबै आयोजनामा एउटै Copy paste अपलोड गर्ने गरिएको । | – कार्यान्वयन कार्ययोजनाको माथिल्लो भागमा आयोजनाको नाम खुलाई बिभागीय /आयोजना प्रमुखले नै प्रमाणित गरी कार्यालयको छाप सहित अपलोड गर्नुपर्ने । |
| ६ | **नतिजा खाका :**<br>आयोजना प्रमुखबाट प्रमाणित नभएको, अस्पष्ट र सबै आयोजनामा एउटै Copy paste अपलोड गर्ने गरिएको । | – नतिजा खाँकाको माथिल्लो भागमा आयोजनाको नाम खुलाई बिभागीय /आयोजना प्रमुखले नै प्रमाणित गरी कार्यालयको छाप सहित अपलोड गर्नुपर्ने । |
| ७ | **अनुगमन मूल्याङ्कन कार्ययोजना :**<br>आयोजना प्रमुखबाट प्रमाणित नभएको, अस्पष्ट र सबै आयोजनामा एउटै Copy paste अपलोड गर्ने गरिएको । | – अनुगमन मूल्याँङ्कन कार्ययोजनाको माथिल्लो भागमा आयोजनाको नाम खुलाई बिभागीय /आयोजना प्रमुखले नै प्रमाणित गरी कार्यालयको छाप सहित अपलोड गर्नुपर्ने । |
| ८ | **आयोजना सम्बन्धी विवरणको जाँच सूची चेकलिष्ट (अनुसूची-२)**<br>फाराम अपुरो, अप्रमाणित र मन्त्रालय/निकायको छाप बिना अपलोड गर्ने गरिएको | – मन्त्रालयबाटै कार्यान्वयन हुने आयोजनाको हकमा मन्त्रालयको योजना महाशाखा प्रमुख, मातहतको कार्यालयबाट सञ्चालन हुने आयोजनाको हकमा बिभागीय प्रमुख वा विभाग नभएको कार्यालयको हकमा कार्यालय प्रमुखले राष्ट्रिय आयोजना बैक प्रणालीमा सबै कागजातहरु अपलोड भए/नभएको |

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं



CS Scanned with CamScanner

| | | |
|---|---|---|
| | | Screening गरी अनुसूची-२ जाँच सूची प्रमाणित गरी कार्यालयको छाप सहित अपलोड गर्नुपर्ने ,<br>– अनुसूची-२ जाँच सूचीको क्र.सं. १(आयोजनाको बातावरणीय अध्ययन प्रतिवेदन खण्ड) मा आयोजनाका लागि बातावरणीय अध्ययन गर्नु नपर्ने भए **"बाताबरणीय अध्ययन गर्नु नपर्ने"** भन्ने व्यहोरा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने ,<br>– अनुसूची-२ जाँच सूचीको क्र.सं. ४(जग्गा प्राप्ती अधिग्रहण गर्नु पर्ने भए सोको कार्ययोजना खण्ड) मा यदी आयोजनाका लागि जग्गा अधिग्रहण वा प्राप्ति गर्नु नपर्ने भएमा **जग्गा प्राप्ति गर्नु नपर्ने** वा जग्गा प्राप्त भैसकेको भए **प्राप्त भैसकेको** भन्ने व्यहोरा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने ,<br>– अनुसूची २ को अन्य क्र.सं. खण्डमा भएको/नभएको मा √ वा X चिन्ह लगाएर पेश गर्नुपर्ने । |
| ९ | <u>**अन्य सान्दर्भिक बिषय:**</u> | – चालु प्रकृतिका वा सालवसाली रुपमा कार्यान्वयन हुने आयोजना वा कार्यक्रम प्रविष्टिका लागि पेश नगर्ने,<br>– अध्ययनका आयोजना प्रविष्टि गर्दा अध्ययनका लागि लाग्ने लागत रकम अनिवार्य खुलाउने,<br>– प्रमाणित भएको PDF Document मात्र अपलोड गर्नुपर्ने/Soft Copy अपलोड नगरेको,<br>– आयोजनाको बिस्तृत अध्ययन प्रतिवेदन र बातावरणीय अध्ययन प्रतिवेदन अपलोड गर्दा गुणस्तर कम नभएको Document Compress गरी सानो साइजमा अपलोड गर्ने,<br>– प्रमुख आयोजना (Mother Project) को उप आयोजना/खण्ड हो भने आयोजनाको नाम शिर्षकमा नै प्रमुख आयोजनाको नाम उल्लेख गरी उप आयोजना/खण्ड समेत कोष्ठमा उल्लेख गर्ने, |

नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं



Scanned with CamScanner

| | | |
|---|---|---|
| | | – आयोजना बैंक प्रणालीमा जुन कागजात माग गरेको खण्ड छ, उक्त खण्डमा सो सँग सम्बन्धित कागजात मात्र पेश गर्ने । **जस्तैः** अनुगमन र मूल्याङ्कन कार्ययोजनाको पेज/फाइलमा खरीद योजनाका कागज अपलोड नगर्ने ,<br>– प्रणालीमा आयोजनाको बिवरण प्रविष्टि गर्दा हरेक चरणमा कागजात र बिवरण ठिक भए/नभएको एकीन गरी मात्र आयोजना प्रणालीमा Submit गर्ने । |

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं



CS Scanned with CamScanner